annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३१९, पृष्ठ ८ | काठमाडौं, शुक्रबार, ६ चैत २०८२ ... शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | FRIDAY, MARCH 20, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित


आवरण समाचार

# संसद्‌मा युवा शक्ति

टाढा जानै परेन, युवा शक्ति कस्तो हुन्छ? भदौ २३-२४ को दुईदिने जेन-जी आन्दोलनले पुष्टि गरिसकेको छ। मुलुकको राजनीतिक परिवर्तन मात्र होइन, देश निर्माणमा पनि युवाको सहभागिता र उपस्थिति महत्वपूर्ण मानिन्छ। त्यसैकारण आन्दोलनपछिको चुनावबाट हिजोका दिनमा प्रश्न गर्ने युवाहरूको लोभलाग्दो उपस्थिति आगामी संसद्‌मा हुँदैछ। युवा शक्तिको उपस्थिति र सहभागिताले सुशासन, रोजगारी र देश निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

विस्तृत पृष्ठ २




अन्नपूर्ण फलोअप

## चटयाङ लागेको न्यारोबडी मर्मतका लागि मलेसियामा

**सुनिता कार्की** | *काठमाडौं*

चट्याङ लागेर ग्राउन्डेड (भूमिस्थ) भएको नेपाल एयरलाइन्स (नेपाल वायुसेवा निगम) को न्यारोबडी जहाज मर्मतका लागि मलेसिया पुगेको छ। चट्याङ लागेर ग्राउन्डेड भएको जहाज २० दिनपछि मर्मतका लागि मलेसिया उडेको हो। जहाजको बिग्रिएको सार्कलेट भागलाई बदल्नका लागि जहाज त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट बुधबार राति करिब १०:३० बजे मलेसियाका लागि उडेको हो।

३८ यात्रु (३४ नेपाली र ४ विदेशी) र चालकदलसहित जहाज मलेसिया पुगेको नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले जानकारी दिए। जहाजको फेर्नुपर्ने नयाँ सार्कलेट सिंगापुरबाट मलेसिया ल्याइएको छ। मर्मतपछि जहाजले शुक्रबार नियमित काठमाडौं उडान गर्दैछ। जहाजले शुक्रबार बिहान ८ बजे (स्थानीय समय) मलेसियाबाट काठमाडौं उडान भर्दैछ। जहाज मर्मत हुने कि नहुने दोधारका कारण करिब ३ जना यात्रुले मात्र टिकट काटेको निगम स्रोत बताउँछ।

गत फागुन १२ गते काठमाडौं-हङकङ-काठमाडौं उडानका क्रममा काठमाडौंको इर्गिस बिन्दुमा चट्याङ परेको थियो। जहाज रनवे (धावनमार्ग) बाट उडेर करिब १५ माइल पर बनेपाको ठ्याक्कै माथिको आकाशको भाग (इर्गिस) मा पुग्यो। इर्गिस भनेको जहाज उडान भर्दै काठमाडौं छोड्ने बिन्दु (एक्जिट प्वाइन्ट) हो, विमानस्थलबाट उडान भरेपछि सुरक्षित रूपमा आफ्नो गन्तव्यको हवाई मार्ग' (एयर वे) मा जान यसले एउटा निकास बिन्दुको रूपमा काम गर्छ।

त्यहाँबाट इर्गिसमा पुग्नेबित्तिकै उक्त न्यारोबडीले चट्याङको सामना गर्नुपर्‍यो। चट्याङको सामना गर्दा जहाजको पखेटाको एउटा सार्कलेटमा क्षति पुगेको हो। त्यसपछि जहाजले ४ घन्टाको उडान भर्दै गन्तव्य मुलुक हङकङमा अवतरण गरेको थियो। अवतरणपछि हङकङ विमानस्थलको प्राविधिक टोलीबाट परीक्षण गराइयो।

उक्त टोलीले काठमाडौं अवतरण गराइ जहाजको उक्त भागको मर्मतसम्भार गर्न निर्देशन दियो। जहाज फागुन १४ गते काठमाडौं अवतरणपछि ग्राउन्डेड भयो। जहाज अर्थिङ भए पनि चट्याङका कारण उत्पन्न भएको बिजुलीको भारलाई सार्कलेटको अन्तिम भागमा हुने स्ट्याटिक वायरले नै सामान्यतया फाल्ने गर्छ। तर, त्यो दिन भने सार्कलेटमा नै क्षति पुग्ने गरी चट्याङ परेको निगम स्रोत बताउँछ। काठमाडौं आइपुगेको जहाजलाई फ्रान्सस्थित उत्पादक कम्पनी एयरबसले ग्राउन्डेड गर्न सुझाए पनि निगम व्यवस्थापनले जहाजलाई ग्राउन्डेड गरेको हो।

# प्रधानमन्त्रीमा शाहको शपथ प्रस्ताव चैत १३

## १८ सदस्यीय मन्त्रिपरिषद्‌को गृहकार्य

**दिनेश गौतम** | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहले यही चैत १३ गते शपथ लिने प्रस्ताव गर्दै आवश्यक प्रक्रिया अघि बढाइएको छ। पार्टीको वाचापत्रमा उल्लेख भएअनुसारको १८ सदस्यीय मन्त्रिपरिषद् बनाउने विषयमा रास्वपाका शीर्ष नेताहरूबीच छलफल भएको छ।

पार्टी सभापति रवि लामिछाने, वरिष्ठ नेता शाह र उपसभापतिद्वय डोलप्रसाद अर्याल र डा. स्वर्णिम वाग्लेबीच बिहीबार प्रधानमन्त्रीको शपथ र मन्त्रिपरिषद्‌का विषयमा छलफल भएको हो। निर्वाचन आयोगले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेल समक्ष फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचन, २०८२ को प्रतिवेदन बुझाए लगत्तै रास्वपाका शीर्ष नेताहरूबीच छलफल भएको हो।



आगामी मन्त्रिमण्डल निर्माणबारे रास्वपाका नेताहरू छलफलमा। ● अन्नपूर्ण

छलफलमा सहभागी एक शीर्ष नेताका अनुसार, प्रधानमन्त्रीका रूपमा बालेन्द्रको शपथ ग्रहणकै दिन मन्त्रिपरिषद् पनि गठन हुने प्रारम्भिक छलफल भएको छ।'वाचापत्रलाई नै कार्यान्वयन दिशामा छलफल भएको हो,' छलफलमा सहभागी एक नेताले भने, 'प्रधानमन्त्रीको शपथपश्चात् छिट्टै मन्त्रिपरिषद् गठन गर्ने गरी गृहकार्य गरिएको हो।

वाचापत्रअनुसार नै मन्त्रीपरिषद्‌को आकार रहनेतिर छलफल केन्द्रित भएको हो। त्यसमा कुन-कुन व्यक्तिलाई मन्त्रिपरिषद्‌मा लैजाने भन्ने बारे अझैं टुंगो लागिसकेको छैन।' ती नेताका अनुसार निर्वाचित प्रतिनिधिसभा सदस्यहरू मध्येबाटै समावेशी ढंगले मन्त्रिपरिषद्‌मा लैजाने छलफल भएको छ।

रास्वपाका महामन्त्री कबीन्द्र बुर्लाकोटीले चैत १५ गतेको प्रस्तावित मिति राखेर प्रधानमन्त्रीको शपथ ग्रहणका लागि विभिन्न निकायमा परामर्श अघि बढाउने सहमति भएको जानकारी दिए। राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलगायतका सम्बन्धित निकायहरूमा परामर्श अघि बढाइने बुर्लाकोटीले बताए।

'चैत १३ गते शपथ ग्रहण गर्ने विषयमा छलफल भएको छ। सम्बन्धित निकायहरूसँग परामर्श भएपछि अन्तिम टुंगो लाग्छ,' उनले भने। रास्वपाको नेतृत्वबीचको छलफलमा गत फागुन २१ गतेको चुनावी समीक्षाका साथै आगामीको राजनीतिक विषयवस्तु बारेमा पनि गम्भीर छलफल भएको थियो। यही चैत १२ गते प्रतिनिधिसभाका सांसदहरूको शपथ हुनेछ। बालेन्द्रलाई प्रधानमन्त्रीमा प्रस्ताव गरेर आम निर्वाचनमा सहभागी भएको पूर्वसहमति कार्यान्वयन हुने रास्वपाले जनाएको छ। राजनीतिक सहमतिलाई पार्टीको केन्द्रीय समितिले अनुमोदन गरेर संसदीय दलमा पठाउने र संसदीय दलले केन्द्रीय समितिले गरेको प्रस्तावलाई अगाडि बढाइने छ।

## जीबी राईसहितको अभियोग संशोधन स्वीकृति दिने निर्णय झिकाउन आदेश

**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछानेको अभियोग संशोधन निर्णयसम्बन्धी मुद्दामा महान्यायाधिवक्ताको संशोधित अन्य निर्णय पनि झिकाई पेस गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय सारंगा सुवेदी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले संशोधित निर्णय महान्यायाधिवक्ता कार्यालयमार्फत झिकाई पेस गर्न आदेश दिएको हो।

गत पुस ३० गते महान्यायाधिवक्ता सविता भण्डारीले लामिछानेको हकमा मात्रै सम्पत्ति शुद्धीकरण र संगठित अपराधतर्फको अभियोग संशोधन गर्ने निर्णय निर्णय गरेकी थिइन्। त्यस्तै माघ २ गते फरार रहेका जीवि राईसहित अन्य आरोपितहरूका हकमा अभियोग संशोधन हुने निर्णय भएको थियो।

महान्यायाधिवक्ता कार्यालयबाट सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयहरूलाई अभियोगपत्र संशोधनका लागि निकास दिने आदेश भएको थियो।

» बाँकी पृष्ठ ६

# गगनको राजीनामा, 'देखाउन कि स्वीकृत' गर्न ?

**राधा खनाल** | *काठमाडौं*

चुनावको मुखमै विशेष महाधिवेशनबाट पार्टी नेतृत्व काँधमा लिएका कांग्रेस सभापति गगन थापा आफैंले चुनाव हारे। पार्टी पनि निकै खुम्चियो। त्यसपछि सभापति थापालाई 'नैतिकता' को आधारमा राजीनामा दिन 'दबाब' सिर्जना भयो। सभापति थापाले पदबाट राजीनामा दिए। तर, जिज्ञासा छ- के उनको राजीनामा केन्द्रीय समितिले स्वीकृत गर्ला? कांग्रेसको राजनीतिक यात्रा कसरी अघि बढला?

किनभने, सभापति थापाले राजीनामा दिएको खबर सँगै पार्टीकै पदाधिकारीहरूले उनलाई राजीनामा नदिन सुझाएका थिए। विशेष महाधिवेशनबाट एकतर्फी चयन भएको केन्द्रीय कार्यसमितिले अस्वीकृत गर्छ भन्ने थाहा पाएरै थापाले राजीनामा दिएका हुन त? सँगसँगै जर्बजस्त प्रश्न उब्जेको छ। किनभने, उपसभापति विश्वप्रकाश शर्माले राजीनामा नदिन सार्वजनिक रूपमै थापालाई सुझाइसकेका छन। थापाले पनि उपसभापति शर्मालाई नै राजीनामा पत्र थमाएका छन्।

कांग्रेसका एक पदाधिकारीले सभापति थापाले उपसभापति शर्मासमक्ष राजीनामा पेस गरिसकेकाले केन्द्रीय समिति बैठकमा छलफल हुने बताए। 'शुक्रबार केन्द्रीय कार्यसमितिको बैठक बोलाइएको छ। त्यहीँ स्वीकृत हुने नहुने निर्णय हुन्छ, ती पदाधिकारीले भने।

यसअघि सभापति थापा र उपसभापति शर्माबीच राजीनामाको विषयलाई लिएर पटक-पटक अनौपचारिक छलफल भएका थिए। शर्माले सभापतिलाई राजीनामा नदिन पटक-पटक आग्रह गरेका थिए। तर, नमानेपछि उक्त राजीनामा पत्रलाई उपसभापति शर्माले शुक्रबार बस्ने केन्द्रीय समिति बैठकमा पेस गर्ने तयारी छ। थापाले दिएको राजीनामा पत्र भने कांग्रेसले सार्वजनिक गरेको छैन। उपसभापति शर्माले सभापतिको राजीनामा अस्वीकृत हुने बताइसकेका छन्।



> चुनावको हारको समीक्षा गर्न राजीनामा दिएको हो कि, केन्द्रीय कार्यसमितिमा सहमतिपूर्वक मैले राजीनामा दिए केन्द्रीय समितिले अस्वीकृत गर्नु भनेर राजीनामा दिएको हो ?
>
> **रामहरि खतिवडा, नेता**

> निर्वाचनमा उहाँको नेतृत्वमा जाने र १५ औं महाधिवेशन गराउने जिम्मेवारीसाथ उहाँ नेतृत्वमा आउनुभएको हो। महाधिवेशन गराउन आएको व्यक्तिले बीचमै छोड्न मिल्दैन।
>
> **गुरुराज घिमिरे, महामन्त्री**

उनले अब बस्ने केन्द्रीय कार्यसमितिको बैठकमा सभापतिको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस गर्ने बताए। 'सभापतिले निर्वाचन मतपरिणामका सवालमा नैतिक जिम्मा लिन्छु भन्नु नै सकारात्मक कुरा हो। यति बेलाको प्रधान नैतिक दायित्व स्थिति सम्हाल्ने दायित्व हो,' उपसभापति शर्माले भने, 'बैठकमा प्रारम्भिक समीक्षा, राजीनामा पत्र र राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस हुनेछ। डढेलो निभाउन पुगेको व्यक्तिलाई आगलागीकै दोष बोकाउनु न्यायसंगत हुँदैन।'

चुनावमा कांग्रेसको शर्मनाक हार र सभापतिकै पराजय लगत्तै केही नेताहरूले थापालाई राजीनामा दिनुपर्ने माग गर्दै आएका थिए। कांग्रेस नेता रामहरि खतिवडाले अरूलाई देखाउनकै लागि मात्र राजीनामा दिएको जस्तो नगर्न अनुरोध गरेका छन्।

'चुनावको हारको समीक्षा गर्न राजीनामा दिएको हो कि, केन्द्रीय कार्यसमितिमा सहमति पूर्वक मैलै राजीनामा दिए केन्द्रीय समितिले अस्वीकृत गर्नु भनेर राजीनामा दिएको हो? केन्द्रीय समिति बैठक बसेपछि मात्रै थाहा होला,' खतिवडाले भने।

चुनावी परिणामले पनि सिंगो पार्टीलाई बृहत् एकतामा लैजानुपर्ने जरुरी देखिएको खतिवडाले बताए। 'अब मेरो तेरो भन्नु आवश्यक छैन,' उनले भने, 'पुरानालाई पनि समेट्नुपर्छ र नयाँका कुरा पनि सुन्नुपर्छ। पार्टीलाई एकतामा लैजान सकिएन भने जुन पुस्ताको जो आए पनि केही हुने रहेनछ भन्ने पुष्टि भइसक्यो।' कांग्रेस जति सुध्रियो भनेर हल्ला गरे पनि जनताका माझमा सुध्रिएको नदेखिएको उनको तर्क छ।

» बाँकी पृष्ठ ६